आज मिति २०८३ साल भाद्र १३ गते शनिबारको दिन बिहान ८: ०० बजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलिचोङ गाउँपालिकाको आ.व. ०८३/८४ को तेस्रो कार्यपालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसहमतिले निर्णय पारित गरियो ।

**उपस्थिती:**

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भूपालराज राई | अध्यक्ष | |
| २ | श्री देविता राई | उपाध्यक्ष | |
| ३ | श्री गणेश राई | वडाध्यक्ष | |
| ४ | श्री मोहन समसेर राई | वडाध्यक्ष | |
| ५ | श्री प्रतापसिंह तामाङ | वडाध्यक्ष | |
| ६ | श्री देवेन्द्र राई | वडाध्यक्ष | |
| ७ | श्री ईश्वर राई | वडाध्यक्ष | |
| ८ | श्री सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | श्री सागर राई | कार्यपालिका सदस्य | |
| १० | श्री रेबिका रसाइली | कार्यपालिका सदस्य | |
| ११ | श्री शारदा कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | श्री लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | लक्ष्मी |
| १३ | श्री मनकुमारी राई | कार्यपालिका सदस्य | |
| १४ | श्री प्रविण राई | प्रमुख प्रशासकिय अधिकृत | |
| | | आमन्त्रित | |
| १ | श्री रमेश कार्की | शिक्षा अधिकृत | |
| २ | श्री भद्र बहादुर राई | प्रशासन शाखा प्रमुख | |
| ३ | श्री दिपेन्द्र कुमार राई | स्वास्थ्य शाखा प्रमुख | |
| ४ | श्री ज्ञान राज राई | सूचना प्रविधि अधिकृत | |
| ५ | श्री भावना पराजुली | प्रशासन सहायक | |
| ६ | श्री दिपक खड्का | लेखापाल | |
| ७ | श्री रमेश राई | एम आइ एस अपरेटर | |
| ८ | श्री प्रविन राई | योजना शाखा प्रमुख | |
| ९ | श्री खेम किरण राई | कार्यालय सहयोगी | |
| १० | श्री केदार कुलुङ | कार्यालय सहयोगी | |

२०८३/०५/१३

प्रविण राई
प्रमुख प्रशासकीय अधिकृत

| ११ | श्री सविन राई | कार्यालय सहयोगी | |
|---|---|---|---|

प्रस्तावहरु:

१. समिक्षा सम्बन्धमा।

२. चालु आ.व.०८३/८४ को दररेट निर्धारण सम्बन्धमा ।

३. ठुला योजनाहरुको लागत अनुमान स्वीकृत गरी ठेक्का आह्वन सम्बन्धमा ।

४. मलेप डोरटोली सँग प्रवेश बैठक तथा आवश्यक सहजीकरण सम्बन्धमा ।

५. विभिन्न कार्यविधि स्वीकृत सम्बन्धमा ।

६. बखल्टुम बेलीब्रीज उद्घाटन सम्बन्धमा।

७. जग्गा रजिस्ट्रेशन पास सम्बन्धमा ।

८. भूमिहिन दलित,भूमिहिन सुकुम्बासीको लगत संकलन सम्बन्धमा ।

९.गाउँपालिकाभित्र संचालित हाईड्रोपावर परियोजनाहरु सुचिकृत सम्बन्धमा।

१०. "घरपझोङ जलवायु परिवर्तन सम्मेलन,२०८३" मा सहभागिता सम्बन्धमा।

११. पदमार्गमा आधारित पर्यटन परियोजना ( **TTDP** ) कार्यान्वयनका लागि मकालु बरुण राष्ट्रिय निकुञ्ज सँग राय परामर्श माग सम्बन्धमा ।

१२. फोहोरमैला व्यवस्थापनको लागि ल्याण्डफिल्ड तथा डम्पिङ साईट निर्माणका लागि अनुमति तथा परामर्श माग सम्बन्धमा ।

१३. टोल विकास संस्था विधान,२०८३ स्वीकृत सम्बन्धमा ।

१४.बखल्टुम बेलीब्रिजको गाउँपालिकास्तरीय अनुगमन प्रतिवेदन अनुमोदन सम्बन्धमा ।

१५.टोल विकास संस्था वा उपभोक्ता समिति गठन र योजना सम्झौता सम्बन्धमा ।

१६.स्वीकृत दरबन्दी भित्र करार कर्मचारी छनोट सम्बन्धमा ।

१७.चटयाङ्गबाट मृत्यु भएका परिवारलाई राहत भुक्तानी / शोधभर्ना सम्बन्धमा ।

१८.शोक प्रस्ताव सम्बन्धमा ।

१९.प्रधानमन्त्री दैवि प्रकोप उद्धार कोषमा सहयोग सम्बन्धमा ।

२०.सरुवा सहमति सम्बन्धमा ।

२१.**o&M** प्रतिवेदन सहमति समिक्षा सम्बन्धमा ।

२२.कालिका आधारभुत विद्यालय,याचम्खाको जिन्सी सामग्री सम्बन्धमा ।

२३. सामाजिक सुरक्षा भत्ता तथा प्रशासनिक घुम्ति शिविर संचालनको समिक्षा सम्बन्धमा ।

२४. काठमाण्डौं तथा नबिल मेडिकल कलेजससँग स्वास्थ्य सहुलियत सम्झौता सम्बन्धमा ।

२५. अप्थाल्मिक असिस्टेन्ट (नेत्र सहायक ) पदमा पदपुर्ति सम्बन्धमा ।

२०८३।०४।१३

प्रविण राई
प्रमुख प्रशासकीय अधिकृत

२६. सिलीचोङ आधारभुत अस्पातल संचालन अनुति माग सम्बन्धमा ।

निर्णयहरुः

**निर्णय नं. १** प्रस्ताव नं.१ उपर छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकको निर्णय सन्तोषजनक रहेको साथै विपद् व्यवस्थापनको सन्दर्भमा अझ बढी संवेदनशील हुनुपर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**निर्णय नं. २** प्रस्ताव नं.२ उपर छलफल गर्दा जिल्ला प्रशासन कार्यालय संखुवासभाले आ.व. २०८३/८४ को लागि निर्धारण गरेको जिल्ला दररेछ तथा उक्त दररेटमा उल्लेख नभएको थप दररेट सम्बन्धमा सुनसरी र मोरङ जिल्लाको न्यूनतम रहेको दररेट लाई आधार मानी गाउँपालिकाको दररेट कायम गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**निर्णय नं. ३** प्रस्ताव नं.३ उपर छलफल गर्दा संघीय समपुरक र विशेष अनुदान तथा प्रदेश समपुरक अनुदान अन्तर्गत तपशिलको योजनाहरुको यस आर्थिक वर्षको दररेट विश्लेषण गरी सोको आधारमा हुन आउने वरावरको रकम अनुसार लागत अनुमान तयार र प्रमुख प्रशासकिय अधिकृतबाट स्वीकृत गरी ठेक्का आह्वन गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

तपशिलः

१. श्री माहेश्वरी माविको अधुरो भवन तथा मेशिनरी पर्खाल निर्माण योजना (प्रदेश समपुरक र गाउँपालिका साझेदारी)

२. श्री माहेश्वरी मावि घेराबारा निर्माण योजना ( संघीय विशेष अनुदान)

३. तिवाखोला मोटरेवल पुल निर्माण योजना (संघीय समपुरक र गाउँपालिका साझेदारी)

**निर्णय नं. ४** प्रस्ताव नं.४ उपर छलफल गर्दा आ.व. २०८२/८३ को अन्तिम लेखापरीक्षणको लागि महालेखा परीक्षकको कार्यालय,अनमनगरबाट आउनुभएको डोरप्रमुख सहितको सम्पूर्ण टिमलाई सिलीचोङ गाउँपालिकामा स्वागत साथै लेखापरीक्षण कार्यमा पूर्ण रुपमा सहयोग गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**निर्णय नं. ५** प्रस्ताव नं.५ उपर छलफल गर्दा सिलीचोङ गाउँपालिकाको विकास निर्माण तथा योजना संचालन र व्यवस्थापन तथा अत्यावश्यक लगायत सम्पूर्ण सेवा प्रवाहलाई विधिसम्मत वनाउनका लागि कानून तर्जुमा मस्यौदा समितिको संयोजक ज्यूले पेश गर्नुभएको तपशिल बमोजिमको कार्यविधिहरु स्वीकृत गरी लागु गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

तपशिलः

१. विपन्न बिरामी नागरिक औषधी उपचार कोष संचालन कार्यविधि,२०८३ ।

२०८३/०५/१३

प्रविण राई
प्रमुख प्रशासकीय अधिकृत

२. उपभोक्ता समिति संचालन तथा व्यवस्थापन कार्यविधि,२०८३ ।

३. मेलमिलाप कार्यसंचालन कार्यविधि,२०८३ ।

**निर्णय नं. ६** प्रस्ताव नं.६ उपर छलफल गर्दा सिलीचोङ गाउँपालिकाको आफ्नै लगानीमा निर्माण सम्पन्न भएको सिलीचोङ गौरवको योजना बखल्टुम बेलीब्रिज निर्माण योजना यहि मिति २०८३/०५/१८ गते दिनको ठिक १:०० बजे उद्घाटन गर्ने तथा उक्त उद्घाटन बापतको खर्च आयोजना व्यवस्थापन तथा विविध कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**निर्णय नं. ७** प्रस्ताव नं.७ उपर छलफल गर्दा सिलीचोङ गाउँपालिका वडा नं. ३ साविक ताम्कु-७ स्थायी ठेगाना भएका श्री पूर्ण बहादुर राई को सिलीचोङ गाउँपकालिका वडा नम्बर ४ मा रेहेको कित्ता नम्बर ८६१ को जग्गा वडा कार्यालयको खेलमैदान तथा वडा भवन निर्माण गरी कार्यालय प्रयोजनको लागि रजिष्ट्रेशन पास गरिदिने भनी निवेदन पेश गरेको सम्बन्धमा उक्त जग्गालाई नियमानुसार रजिष्ट्रेशन पास गर्नका लागि श्री मालपोत कार्यालय खादबारी ( भूमि प्रशासन कार्यालय) तथा श्री नापी कार्यालय, खादबारी लाई अनुरोध गर्ने तथा उक्त रजिष्ट्रेशन पासका लागि ४ नम्बर वडाका वडा अध्यक्ष श्री देवेन्द्र राई तथा योजना शाखा प्रमुख प्रविन राई लाई पठाउने र रजिष्ट्रेशन पास वापतको सम्पूर्ण खर्च जग्गा रजिष्ट्रेशन पास लगायत विविध खर्च शिर्षकबाट व्यहोर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**निर्णय नं. ८** प्रस्ताव नं.८ उपर छलफल गर्दा जिल्ला भूमि समस्या समाधन समिति संखुवासभा खाँदबारीको च.नं. १०५ मिति २०८३ भाद्र ९ को पत्र बमोजिम वडागत रुपमा लगत संकलन सम्बन्धी तत्कालै भुमि समस्या समाधन समितिसँग बैठक बसी सूचना प्रकाशन गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**निर्णय नं. ९** प्रस्ताव नं.९ उपर छलफल गर्दा यस गाउँपालिका क्षेत्रधिकार भित्र निर्माणाधिन तथा संचालित लघु तथा अन्य हाईड्रोपावर कम्पनीले संघिय तथा प्रदेश सरकारबाट अनुमति विगतमै लिइसकेको भएतापनि सिलीचोङ गाउँपालिकाको ऊर्जा विकास (उत्पादन,वितरण र नियमन) ऐन, २०८३ बमोजिम सम्पूर्ण हाईड्रोपावर कम्पनीहरुलाई कानूनले निर्धारण गरेको सिमाभित्र सुचिकृत हुने गरी सुचिकृत हुन पत्राचार र सूचना प्रकाशन गर्ने र आर्थिक ऐन, २०८३ बमोजिम नियमानुसार दस्तुर लिई प्रमुख प्रशासकिय अधिकृतले सुचिकृत प्रमाणपत्र दिने निर्णय सर्वसहमतिले पारित गरियो ।

**निर्णय नं. १०** प्रस्ताव नं.१० उपर छलफल गर्दा घरपझोङ गाउँपालिकाको आयोजनामा यहि मिति २०८३ भाद्र ३० र ३१ गते सम्म संचालन हुन गईरहेको जलवायु परिवर्तन सम्मेलन,२०८३ मा गाउँपालिका अध्यक्ष सहित थप एक जनालाई गाउँपालिकाले निमन्त्रणा गरेको हुँदा गाउँपालिका अध्यक्ष भूपालराज मेवाहाङ ज्यू र निजको आदेश बमोजिमको एक जनालाई कर्मचारी वा जनप्रतिनिधि

२०८३/०५/१३

प्रविण राई
प्रमुख प्रशासकीय अधिकृत

को मिति २०८३/०५/२६ देखि २०८३/०६/०५ गतेसम्म सहभागिताको लागि भ्रमण आदेश स्वीकृत गर्ने साथै उक्त कार्यक्रममा सहभागि हुँदा बेरुजुको यातायात तथा विविध खर्च गाउँपालिकाबाट सम्बन्धित शीर्षकबाट भुक्तानी गर्ने निर्णय सर्वसहमतिले पारित गरियो । ।

**निर्णय नं. ११** प्रस्ताव नं.११ उपर छलफल गर्दा संघीय सरकार,स्वीस सरकार,प्रदेश सरकार र स्थानीय सरकार को साझेदारीमा प्रदेश सरकार पर्यटन,वन तथा वातावरण मन्त्रालय,कोशी प्रदेश, विराटनगर, सिलीचोङ गाउँपालिका र परियोजना व्यवस्थापन तथा कार्यान्वयन सहयोग परामर्शदाताको कार्यालय, विराटनगर बीच सम्झौता भई यस आर्थिक वर्षमा कार्यान्वयन गर्नुपर्ने पदमार्गमा आधारित पर्यटन परियोजना ( TTDP ) अन्तर्गत लालिगुँरास पदमार्ग निर्माणका लागि आवश्यक बजेट विनियोजन भैसकेको सन्दर्भमा वातावरणीय असर नपार्ने गरी सर्भे तथा निर्माणको प्रक्रिया सुरु हुनुभन्दा पहिला श्री मकालु बरुण राष्ट्रिय निकुञ्ज तथा मातहातका सम्पर्क निकाय सँग पदमार्ग निर्माणका लागि जानकारी साथ आवश्यक राय परामर्श माग गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**निर्णय नं. १२** प्रस्ताव नं.१२ उपर छलफल गर्दा यस गाउँपालिकाभित्र शिशाजन्य तथा अन्य फोहोरमैलाको दिर्घकालिन व्यवस्थापनको लागि ल्याण्डफिल्ड तथा डम्पिङ साईट वा फोहोरमैला विसर्जन वा फोहोरमैला संकलन केन्द्र के निर्माण गरिन सकिने हो सोको EIA /IEE को लागि कृषि,वन तथा पर्यावरण मन्त्रालय,सिंहदरबारमा अनुमति र परामर्शको लागि निवेदन दिने साथै मकालु बरुण राष्ट्रिय निकुञ्जको मुख्य कार्यालय, हेदाङ्नागढी तथा सोको सम्पर्क कार्यालयमा समेत परामर्शको लागि निवेदन पेश गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**निर्णय नं. १३** प्रस्ताव नं.१३ उपर छलफल गर्दा सिलीचोङ गाउँपालिकाको पूर्वाधार विकास (योजना सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८३ बमोजिम टोल विकास समितिबाट सिलीचोङ गाउँपालिकाको विकास निर्माण संचालन गर्नका लागि टोल विकास संस्था विधान,२०८३स्वीकृत गरी वडा कार्यालयहरुलाई विधान सहित पत्राचार गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**निर्णय नं. १४** प्रस्ताव नं.१४ उपर छलफल गर्दा सिलीचोङ गाउँपालिकाको लगानीमा निर्माण सम्पन्न भएको बखल्तुम बेलिब्रिजको यहिँ मिति २०८३/०५/०९ गते गाउँपालिकास्तरीय पूर्वाधार अनुगमन तथा मूल्याङ्कन समितिको अनुगमन प्रतिवेदन अनुमोदन गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**निर्णय नं. १५** प्रस्ताव नं.१५ उपर छलफल गर्दा सम्पूर्ण वडा कार्यालयहरुले सिलीचोङ गाउँपालिकाको पूर्वाधार विकास (योजना सञ्चालन तथा व्यवस्थापन) ऐन, २०८३ बमोजिम टोल विकास संस्था वा सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली,२०६४ को संशोधित व्यवस्था सहितको उपभोक्ता समितिबाट खरिद गर्न सकिने व्यवस्था तथा गाउँकार्यपालिकाको आजकै मितिबाट सर्वसहमतिले पारित भएको उपभोक्ता समिति संचालन तथा व्यवस्थापन कार्यविधि,२०८३ बमोजिम

२०८३/०५/१३
प्रविण राई
प्रमुख प्रशासकीय अधिकृत

कुन विधिबाट कार्यान्वयन गर्दा छिटो छरितो हुने हो सो सम्बन्धित वडा समितिबाट छलफल गरी असोज मसान्तभित्र उपभोक्ता समिति गठन गर्ने, कार्तिक मसान्तभित्र टोल विकास समिति गठन प्रक्रिया सम्पन्न गर्ने तथा मंशिर मसान्त भित्र सम्झौता प्रक्रिया सक्ने सम्बन्धमा सम्बन्धीत वडा कार्यालयलाई पत्राचार गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**निर्णय नं. १६** प्रस्ताव नं.१६ उपर छलफल गर्दा गाउँपालिकाको विद्यामन स्वीकृत दरबन्दी भित्र कर्मचारी छनोट एवम पदपुर्ति गर्दा स्थानीय सेवा व्यवस्थापन ऐन,२०८३ को कर्मचारी सिफारिस समिति मा विज्ञको रुपमा सो समितिको सदस्यले सम्भव नभएमा कार्यालयले आवश्यकताअनुसार विषय विज्ञ आमन्त्रण गरी करार कर्मचारी छनोट गर्न प्रमुख प्रशासकिय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने तथा छनोट प्रक्रियामा लोकसेवा आयोगको निर्धारित प्रक्रिया अवलम्बन गर्दै सहायकस्तरको परीक्षा संचालन गर्दा लिखित परीक्षा वस्तुगत र अन्तर्वार्ता विधिबाट साथै अधिकृतस्तरको परीक्षा विषयगत,वस्तुगत तथा अन्तर्वार्ता विधिबाट संचालन र योग्य उम्मेद्वारलाई छनोट गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**निर्णय नं. १७** प्रस्ताव नं.१७ उपर छलफल गर्दा मिति २०८२/०९/१० सालमा प्राकृतिक विपद् चटयाङ्को कारण सिलिचोङ गाउँपालिका २ नम्बर वडा स्थायी ठेगाना भएका स्वः श्री महेश कुलुङ र स्वः श्री भरत कुविर राई को हकवाला श्री कमला राई ( मृतकको आमा) र श्री मालती राई ( मृतकको श्रीमती) ले गत आर्थिक वर्षमा नै नियमानुसार राहत पाउँ भनी निवेदन माग पेश गरेको सम्बन्धमा निजहरुलाई लाई गाउँपालिकाको विनियोजन ऐन,२०८३ को आकस्मिक कोष शिर्षकबाट भुक्तानी दिएर नियमानुसार जिल्ला विपद् व्यवस्थापन समिति/जिल्ला प्रशासन कार्यालय समक्ष शोधभर्नाको लागि पेश गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**निर्णय नं. १८** प्रस्ताव नं.१८ उपर छलफल गर्दा मिति २०८३/०५/१० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढी लगायत देशका विभिन्न स्थानमा भएका प्राकृतिक विपद्का घटनामा परी रसुवा, नुवाकोट, धादिङ, चितवनलगायतका जिल्लाहरुमा ज्यान गुमाउनुभएका सम्पूर्णप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**निर्णय नं. १९** प्रस्ताव नं.१९ उपर छलफल गर्दा मिति २०८३/०५/१० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढी लगायत देशका विभिन्न स्थानमा भएका प्राकृतिक विपद्का घटनामा परी रसुवा, नुवाकोट, धादिङ, चितवनलगायतका जिल्लाहरुमा प्रभावितहरुलाई विपद् राहत स्वरुप तपशिल बमोजिम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा एकमुष्ट जम्मा गर्न एभरेष्ट बैंक ताम्कु शाखामा विपद् प्रभावितलाई राहत शिर्षक अथवा आकस्मिक सहयोग कोष शिर्षकमा खाता खोली देहायका

२०८३/०५/१३

प्रविण राई
प्रमुख प्रशासकीय अधिकृत

पदाधिकारीहरुले देहायको रकम आफ्नो पारिश्रमिक तथा सेवा सुविधाबाट कट्टा गरी जम्मा गर्ने निर्णय पारित गरियो ।

तपशिलः

जनप्रतिनिधिः

गाउँपालिका अध्यक्षः रु.१५,०००/-

गाउँपालिका उपाध्यक्षः रु.१०,०००/-

वडा अध्यक्षः८०००/-

कार्यपालिका सदस्यः४०००/-

वडा सदस्यः१५००/-

राष्ट्रसेवक कर्मचारी तथा शिक्षकः

राष्ट्रसेवक कर्मचारी तथा शिक्षकहरुको हकमा मिति २०८३ भाद्र ११ गते बसेको नेपाल सरकार सचिवस्तरीय बैठकको निर्णयबमोजिम कट्टा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**निर्णय नं. २०** प्रस्ताव नं.२० उपर छलफल गर्दा यस कार्यालय अन्तर्गत ५ नम्बर वडा कार्यलय,याफुमा प्रशासन,सहायक पाचौं तहमा कार्यरत श्री प्रतिमा पोखरेल( क.स.न.२३९७३१) ले विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको च.न.८६२,मिति २०८३ भाद्र ३ गतेको पत्रसहित सरुवा सहमति पेश गरेको हुँदा निजलाई नियमानुसार सरुवा सहमति दिने निर्णय सर्वसहमतिले पारित गरियो ।

**निर्णय नं. २१** प्रस्ताव नं.२१ उपर छलफल गर्दा संगठन तथा सर्वेक्षण राष्ट्रिय मापदण्ड बमोजिम मुख्यन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय कोशी प्रदेश, विराटनगरले च.न.शा.सु.इ./२७८ मिति २०८३ भांद्र ४ गतेको पत्र बमोजिम व्यवस्थापन तथा सर्वेक्षण प्रतिवेदन पुनारवलोकनको लागि सुझाव पठाईएको सम्बन्धमा समिक्षा भयो ।पत्रमा प्राप्त सुझाव बमोजिम सुझाव समावेश गरी अन्तिम प्रतिवेदन तयार गरी पेश गर्न प्रशासनलाई निर्देशन दिने निर्णय सर्वसहमतिले पारित गरियो ।

**निर्णय नं. २२** प्रस्ताव नं.२२ उपर छलफल गर्दा कालिका आधारभूत विद्यालय बन्द हुने सम्बन्धी प्रतिवेदनको सम्बन्धमा उक्त विद्यालयमा रहेको जिन्सी तथा सार्वजनिक सम्पत्तिको सम्बन्धमा एक पटक शिक्षा युवा तथा खेलकुद शाखाबाट अनुगमन तथा निरीक्षण गरी प्राप्त प्रतिवेदनको आधारमा स्थानीय सरकार संचालन ऐन बमोजिम सम्पत्तिको व्यवस्थापन गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

२०८३/०५/१३

प्रविण राई
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. २३** प्रस्ताव नं.२३ उपर छलफल गर्दा सिलीचोङ गाउँपालिकाको आयोजनामा खाँदबारी, इटहरी र काठमाडौंमा सञ्चालन गरिएको सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी घुम्ती सेवा शिविरबाट सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण १५५ जना तथा अन्य विभिन्न १२७ वटा सेवा गरी जम्मा २८२ वटा सेवा प्रवाह भएको विवरण बैठकमा समीक्षा गरियो। साथै आगामी दिनमा समेत यस्ता किसिमका शिविर संचालन गरी नागरिकलाई सेवामा सहजता प्रदान गरिने निर्णय सर्वसहमतिले पारित गरियो ।

**निर्णय नं. २४** प्रस्ताव नं.२४ उपर छलफल गर्दा सिलिचोङ गाउँबासीको स्वास्थ्य सेवामा पँहुच अभिवृद्धि गर्नका लागि नोबेल मेडिकल कलेज हस्पिटल प्रा.लि र काठमाण्डौं मेडिकल कलेज सँग औपचारिक सम्झौताको लागि आवश्यक प्रक्रिया अघि बढाउने ।

**निर्णय नं. २५** प्रस्ताव नं.२५ उपर छलफल गर्दा ताम्कु प्राथमिक अस्पतालमा रिक्त अप्थाल्मिक असिस्टेन्ट (नेत्र सहायक ) पदमा नागरिकको सहजताको लागि करार विज्ञापन गरी नियुक्ति प्रक्रिया अघि बढाउने निर्णय सर्वसहमतिले पारित गरियो ।

**निर्णय नं. २६** प्रस्ताव नं.२६ उपर छलफल गर्दा हालको मितिसम्म सिलीचोङ गाउँपालिका वडा नम्बर ३ मा अवस्थित ताम्कु प्राथमिक अस्पताल ( PHC ) संचालन भईरहेको भएतापनि संघीय सरकारसँगको साझेदारीमा ताम्कु प्राथमिक पाँच शैया अस्पताल भवन आर्थिक वर्ष २०८२/८३ मा ठेक्का सम्झौता भई आर्थिक वर्ष २०८४/८५ भित्रमा निर्माण सम्पन्न हुने गरी निर्माण भईरहेको साथै व्यवस्थापन तथा सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ बमोजिम ५ शैयाको आधारभुत अस्पताल अन्तर्गत रहने दरवन्दी तेरिज पद दर्ताको लागि मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगरमा समेत पेश भईसकेको हुनाले सोही बमोजिम सिलीचोङ आधारभुत ५ शैया अस्पताल संचालन अनुमतिको लागि स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय,सिंहदरबार तथा जानकारी तथा समन्वयको लागि स्वास्थ्य मन्त्रालय कोशी प्रदेशमा माग गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

०८२/०५/१३

प्रविण राई
प्रमुख प्रशासकीय अधिकृत